| **संस्कार, संस्कृति, सामाजिक मुल्य र मान्यता** | १. आफ्नो वडामा बसोबास गर्ने जातजातिको विवरण बताउन।<br>२. आफ्नो वडामा रहेका मठ मन्दिर तथा अन्य धार्मिक सम्पदाको अवस्था बताउन।<br>३. आफ्नो वडामा मनाइने विभिन्न चाडपर्वहरु एवं | १. विभिन्न चाडपर्वहरु, रितिरिवाज, शिष्टाचार लगायतका शब्दहरु | १. आफ्नो वडामा बसोबास गर्ने विभिन्न जातजातिहरुको अवस्था पहिचान गरि छलफल गराउने।<br>२. आफ्नो वडा भित्रका मठ मन्दिर तथा अन्य धार्मिक सम्पदाको अवस्था पहिचान गर्ने।<br>३. विभिन्न | १. विद्यार्थीलाई आफ्नो जातिय समुह पहिचान गर्ने खालका क्रियाकलाप शिक्षकले गराउने र तिनीहरुको अवस्था र मेलमिलापको महत्व उल्लेख गर्ने।<br>२. वडा भित्रका मठ मन्दिर एवं अन्य धार्मिक स्थलहरुको अवलोकन भ्रमण गर्न लगाइ तिनको महत्व उल्लेख गर्ने।<br>३. विभिन्न जातजातिका मानिसहरुले मनाउने चाडपर्वको भिडियो प्रदर्शन गरी तिनको महत्व उल्लेख गर्ने।<br>४. जातजातिले लगाउने भेषभुषाको आधारहरु सहितको भिडियो प्रदर्शन गरी तिनको पहिचान | १. तस्बिर, भिडियो, श्रब्य दृश्य सामाग्री र नक्सा | १. आफ्नो वडामा रहेका जातजातिको अवस्था पहिचान गर्न लगाउने।<br>२. आफ्नो वडा भित्रका मठ मन्दिर लगायत अन्य धार्मिक स्थलहरुको सूची बनाइ महत्व उल्लेख गर्ने।<br>३. आफ्नो वरिपरि मनाउने चाडपर्वको विवरण संकलन गरी तिनको महत्व उल्लेख गर्ने।<br>४. भेषभुषाका आधारमा जातिय पहिचान गर्न लगाउने। | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मेलाहरुको बारेमा बताउन।<br>४. जातजातिको पहिचान गर्ने भेषभुषाको बारेमा बताउन सक्नेनछन्।<br>५. शिष्टाचारका शब्दहरु प्रयोग गर्न सक्नेछन्। | | समुदायका मानिसहरुले मनाउने चाडपर्वहरुको बारेमा छलफल गराइ तिनीहरुको महत्व बताउने।<br>४. जातजातिले लगाउने भेषभुषाका आधारमा तिनको पहिचान गर्ने।<br>५. शिष्टाचारमा प्रयोग हुने विभिन्न तरिकाहरुको अभ्यास र अभिनय गराउने। | गर्न लगाउने।<br>५. शिष्टाचारमा प्रयोग हुने विभिन्न तरिकाहरुको अभ्यास र अनुकरण गरी तिनको आवश्यकता बोध गराउने। | | ५. शिष्टाचारमा प्रयोग हुने विभिन्न तरिका एवं अभ्यास गर्ने। | |
| **धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल** | १. आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको नाम लेख्र र बताउन साथै तिनको महत्व बताउन।<br>२. आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको | १. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको पहिचान र महत्व | १. आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको अवस्था<br>२. आफ्नो वडामा रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको परिचय | १. शिक्षकले आफ्नो वडामा रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको नाम र महत्व बताउने।<br>२. शिक्षकले वडास्तरमा रहेका धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको अवलोकन गराइ कक्षामा छलफल गराउने।<br>३. शिक्षकले त्यस्ता धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको तस्बिर, भिडियो खिची कक्षाकोठामा प्रदर्शन गराउने।<br>४. धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रहरुको चित्र बनाउने। | १. तस्बिर, भिडियो, श्रब्य दृश्य सामाग्री र नक्सा | १. आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको फोटो देखाइ पहिचान गर्न लगाउने।<br>२. त्यस्ता धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको महत्व लेख्र लगाउने।<br>३. आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको नाम र तिनको चित्र कोर्न लगाउने। | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पहिचान गर्न। | | | ५. नक्सामा आफ्नो वडा भित्र रहेका त्यस्ता क्षेत्रहरुको पहिचान गर्न लगाउने। | | | |
| **परम्परागत पेशा, उद्यमशिलता र प्रविधि** | १. आफ्नो वडामा भएका स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरु प्रस्तुत गर्न।<br>२. स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको प्रयोग बताउन। | १. स्थानीय र परम्परागत पेशा र प्रविधिको महत्व<br>२. स्थानीय पेशा व्यवसायमा प्रयोग हुने औजारहरुको महत्व<br>३. औजारहरु र प्रविधिको वनावट | १. स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरु<br>२. स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको उपयोग जस्तैः हलो-जोत्न, नाङ्लो- अन्न केलाउन,सुकाउन, पानीघट्टा- अन्न पिस्न आदि | १. स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाउन लगाउने र उक्त सामग्रीहरुको जस्तैः हलो- जोत्न, नाङ्लो- अन्न केलाउन,सुकाउन, पानीघट्टा - अन्न पिस्न उपयोग बारे छलफल गर्ने।<br>२. परम्परागत सामग्रीहरु जस्तै हलो, नाङ्लो, पानीघट्टा, ढिकी, जातो र तान आदि बनाउने मानिससँग भेट गराई निर्माण प्रकिया अवलोकन गराउने।<br>३. स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरुबारे जानकारी दिन स्थानीय विज्ञबाट प्रस्तुतिकरण गर्न लगाई निष्कर्ष दिने। | १. स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची र तिनीहरुको उपयोग सम्बन्धी ब्रोसर, पोस्टर भिडियो<br>२. पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरु बुझाउने चार्ट | १. स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको चित्र सहित सूची बनाउनुहोस ।<br>२. स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको उपयोगबारे प्रश्नोत्तर गर्ने।<br>३. पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरुको सूची तयार पारी प्रस्तुत गर्न लगाउने। | २० |
| **पोषण, स्वस्थ्य जीवनशैली, सरसफाइ र स्थानीय खेलकुद** | १. भोजनको धारणा भन्न।<br>२. दिवा खाजा तालिका प्रयोग गर्न।<br>३. भोजनको आवश्यकता बताउन<br>४. स्थानीय खेलहरुको सूची बनाउन।<br>५. स्थानीय खेलहरु | १. दिवा खाजको आवश्यकता र महत्व<br>२. व्यक्तिगत सामग्रीहरुको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>३. स्थानीय खेलहरुको अभ्यास | १. भोजनको अर्थ<br>२. दिवा खाजा तालिका<br>३. भोजनको आवश्यकता<br>४. डण्डीबियो, बाघचाल, कवर्डी आदि<br>५. स्थानीय खेलको अभ्यास | १. भोजनको अर्थ लेखिएको चार्ट र भोजन तालिका देखाउँदै छलफल गर्ने ।<br>२. विद्यालयमा स्थानीय रुपमा पाइने अन्न, तरकारी, फलफूलबाट बन्ने भोजनको प्रकारको तालिका बनाउने र दिवा खाजा तालिका अनुसार घर र विद्यालयमा प्रयोग गर्दा पुग्ने फाइदाको बारेमा बताउने ।<br>३. भोजनको आवश्यकता र महत्वको बारेमा गीत बनाएर गाउन लगाउने।<br>४. सरसफाइको अर्थ र परिचय बताइ | १. स्थानीय अन्न, फलफुल र तरकारीहरु, फलफुल तथा तरकारीको चार्ट<br>२. डण्डी, गट्टा आदि<br>३. सरसफाइ र फोहोरको चार्ट<br>४. खेल खेलेकों | १. भोजन अर्थ भन्न र लेख्न लगाउने।<br>२. भोजनको आवश्यकता किन पर्छ सोध्ने ।<br>३. दैनिक रुपमा घरमा प्रयोग गरिने भोजन तालिका बनाउन लगाउने।<br>४. सरसफाइको अर्थ र परिचय सोध्ने।<br>५. खेलको महत्व भन्न | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खेल्न।<br>६. खेलको महत्व भन्न<br>७. व्यक्तिगत सरसफाई आफै गर्न सक्ने<br>८. सामान्य योग ध्यान र व्ययम गर्न | ४. सामान्य योग ध्यान व्ययम | ६. स्थानीय खेलको महत्व<br>७. योग ध्यान व्ययमको अभ्यास | आवश्यकताको बारेमा छलफल गराउने<br>५.डण्डीबियो बाघचाल, कवर्डी अभ्यास गराउने।<br>६. खेलको महत्व छलफल गराउने<br>७. विद्यालय रहेको समुदायमा उपलब्ध हुने खेलाडी तथा प्रशिक्षकहरुसँग विद्यार्थीहरुको अन्तरक्रिया गराउने। | भिडियो<br>५. विभिन्न योगको चार्ट<br>६. श्रब्य दृश्य सामाग्री | लगाउने।<br>६. विद्यार्थीले डण्डीबियो बाघचाल, कवर्डी खेल आदि खेलेको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने।<br>७. खेलहरुको सुचि बनाउन दिने।<br>८. योग ध्यान व्ययम सम्बन्धी सीप भएको ब्यक्तिबाट सिप देखाउने र सोही अनुसार सोध्ने। | |
| **प्रकोप ब्यवस्थापन वातावरण संरक्षण र बातावरणमैत्री विद्यालय** | १. प्रकोप/विपद्को परिचय दिन<br>२. आफ्नो वरिपरीको वातावरणको परिचय दिन।<br>३. वातावरण अनुकुल विद्यालयको परिचय दिन र त्यसको महत्व बताउन।<br>४. दुर्घटनाको सामान्य जानकारी दिन। | १. प्रकोप/विपद्को परिचय<br>२. हाम्रो वातावरण<br>३. प्रकोप, दुर्घटना र बातावरणमैत्री विद्यालयको महत्व | १. प्रकोप अन्तर्गत बाढी, पहिरो भुक्षय, भुकम्प, हुरीवतास, आगलागी, चट्याङ, सडक दुर्घटना आदिको जानकारी<br>२. प्राकृतिक वातावरण जस्तै वन, वन्यजन्तु, नदी खोलानाला, ढुङ्गा, माटो<br>३. मानव निर्मित वातावरण जस्तैः खेतिपाती, बगैचा, करेसाबारी, पोखरी, | १. बाढी, पहिरो, भुक्षय, भुकम्पको क्षति आगलागी, सडक दुर्घटना आदिको चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा छलफल गराउने।<br>२. भूकम्प र त्यसले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने<br>३. शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने।<br>४. वातावरणको परिचय दिदा आफ्नै कक्षाकोठा, विद्यालय, घर तथा समुदायको वातावरणलाई उदाहरणको रुपमा छलफल गर्ने।<br>५. प्राकृतिक वातावरण जस्तै बन, बन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा माटो तथा मानव निर्मित | १. बाढी, पहिरो, भूक्षय आदिको चित्र/पोस्टर<br>२. भूकम्पले घर भत्काएको अवस्थाको चित्र<br>३. श्रब्यदृश्य सामग्री लगायतका सुचना प्रविधि<br>४. प्राकृतिक वातावरण जस्तै बन, बन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा माटो चित्र<br>५. मावन निर्मित | १. आफ्नो घर वरिपरिका प्रकोप तथा विपद्को सूचि बनाउन लगाउने।<br>२. आफूले देखेका/ भोगेका प्रकोप तथा विपद्का घट्नाहरुको नाम बताउन लगाउने।<br>३. वातावरणको अर्थ बताउन लगाउने।<br>४. वातावरणको प्रकार उदाहरण सहित भन्न लगाउने।<br>५. घरायसी औजार चलाउदा हुने दुर्घटनाको असर बताउन लगाउने। | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुवा, मानववस्ती, मन्दिर, गुम्वा, चैत्य, बालउद्यान आदि | वातावरण जस्तैः<br>खेतिपाती, बगैचा, करेसाबारी, पोखरी, कुवा, मानववस्ती, मन्दिर, गुम्बा, चैत्य चर्च आदिको चित्र वा भ्रमणको माध्यमबाट छलफल गराउने।<br>६. सडक दुर्घटना, घरायसी सामाग्री/औजार संचालन गर्दा हुने दुर्घटनाको बारेमा छलफल गराइ तिनको असरबाट बच्ने तरिका छलफल गराउने।<br>७. वातावरण मैत्री विद्यालयको अवधारण उल्लेख नभएको। | वातावरण जस्तैः<br>खेतिपाती, बगैचा, करेसाबारी, पोखरी, कुवा, मानववस्ती मन्दिर, गुम्बा, चैत्य र चर्च आदिको चित्र<br>६. श्रव्यदृश्य सामग्री लगायतका सुचना प्रविधि। | | |

कक्षा-४

| क्षेत्र | सिकाइ उपलब्धी | बिषषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो नगरपालिका** | १. आफ्नो नगरपालिकाको आफू बस्ने वडाको सिमाना बताउन।<br>२. आफ्नो वडामा वसोबास गर्ने जनसंख्या र जातजाति विवरण बताउन।<br>३. आफ्नो वडामा रहेका विद्यालयहरुको संख्या र नाम बताउन।<br>४. नगरपालिकाको क्षेत्रफल बताउन। | १. राइनास नगरपालिकाको परिचय र वडागत विवरण<br>२. शैक्षिक, जनसंख्या, जातिगत भौगोलिक वनावाट विवरण | १. राइनास नगरपालिकाको परिचय, वडागत जनसख्या<br>२. वडागत जातजाति विवरण<br>३. आफ्नो वडामा रहेका तहगत विद्यालय विवरण र तिनीहरुको नाम | १. राइनास नगरपालिकाको नक्शा, चित्र प्रदर्शन गर्ने। त्यसका लागि जिल्लागत नक्साबाट राइनास नगरपालिका छुट्याउने र वाडहरुको सिमाना छुट्याउने र छिमिकी वडा नम्बर भन्न लगाउने।<br>२. राइनास नगरपालिका अन्तर्गत आफ्नो वडामा रहेको जनसंख्या विवरणहरु महिला, पुरुष विभिन्न जातजाति विवरण शिक्षक खोज गर्ने र प्रदर्शन गर्ने त्यसका लागि विभिन्् मोडलमा देखाउने। जनसंख्या २०७८ को लिने।<br>३. आफ्नो वडामा रहेका विद्यालयहरुको संख्या त्यसको नाम तह बताउने आवश्यक रहेमा उक्त विद्यालय भम्रण गराउने। | १. जिल्लागत नगरपालिकाको नक्शा<br>२. जनसंख्या विवरण २०७८<br>३. विद्यालय विवरण सूचि<br>४. अन्य श्रब्य दृश्य सामग्रीहरु सम्भव भए सम्म | १. जिल्लागत नक्शाबाट आफ्नो पालिका छुट्याउन लगाउने।<br>२. उक्त नक्साबाट आफ्नो वडा पहिचान गर्न लगाउने।<br>३. आफ्नो वडामा रहेको कुल जनसंख्या महिला पुरुषको संख्या भन्न लगाउने।<br>४. आफ्नो वडामा रहेका विद्यालय संख्या भन्न लगाउने।<br>५. आफनो वडामा रहेका विद्यालयहरुको नाम लेख्न लगाउने। | १६ |
| **प्राकृतिक स्रोत सम्पदा र जैबिक विविधता** | १. आफ्नो पालिकामा रहेका प्राकृतिक सम्पदाहरु बनजङ्गल, खोलानाला ताल आदीहरुको प्रकार र महत्व बताउन।<br>२. आफ्नो समुदाय भित्र रहेका प्राकृतिक सम्पदाहरुको परिचय | १. आफ्नो पालिकाको प्राकृतिक सम्पदाहरु र त्यसको महत्व<br>२. आफनो सेवाक्षेत्रका जङ्गली जनावाहरु<br>३. जैविक | १. आफ्नो पालिकाको प्राकृतिक सम्पदाहरु (बनजङ्गल, खोलानाल, तालतलाउ, कुवा, ढुङ्गेधारा छुट्टा छुट्टै रुपमा प्रस्तुतिकरण)<br>२. आफ्नो | १. शिक्षकले आफ्नो नगरपालिका र आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदाहरुको सूचिकरण गरि त्यस्ता ठाउँहरुको अवलोकन गर्न लगाउने।<br>२. सूचिकरण गरिएको सम्पदाहरुको परिचय गराउने।<br>३. सूचिकरण गरिएको सम्पदाहरुले हाम्रो जीवनमा पुराइएको सहयोग सम्बन्धमा छलफल गर्ने। | १. प्राकृतिक सम्पदाका रङ्गीन चित्रहरु<br>२. बनजङ्गलका रङ्गीन चित्रहरु<br>३. श्रब्यदृश्य सामाग्रीहरु | १. प्राकृतिक सम्पदाको वर्गिकरण प्रकार लेख्न लगाउने।<br>२. आफ्ना समुदायमा रहेको प्राकृतिक सम्पदाको परिचय लेख्न लगाउने।<br>३. बनजङ्गल जनावारहरुको सूचि लेख्न लगाउने र परिचय<br>४. प्राकृतिक सम्पदा र जङ्गली जनावरहरुको महत्व भन्न र लेख्न | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दिन।<br>३. आफ्नो समुदायको सेवा क्षेत्रमा पाइने जङ्गली जनावारहरुको सूचिकरण गर्न।<br>४. जनावारहरुको परिचय दिन।<br>५. जैबिक विविधता वारेमा समान्य परिचय दिन। | विविधता | समुदायका जङ्गली जनावारको सूचीकरण र मुख्य जङ्गली जनावारको परिचय<br>३. जैबिक विविधता | ४. जीवजन्तुहरुको सूचिकरण गर्ने र चित्रहरुबाट देखाउने र त्यसको परिचय गराउने।<br>५. सूचिकरण गरिएको सम्पदाहरुको सम्भव भएमा श्रब्यदृश्य सामग्रीहरुबाट प्रष्ट पार्ने।<br>६. जैबिक विविधताको उदाहरणहरु दिने जस्तै पानी, वनजङ्गल, मानिस एक आपसमा सम्बन्ध हुने परिचय दिने।<br>जाडो गर्मी हुनु।<br>७. माथीका कार्यहरु गर्दा सम्बन्धीत ठाउँमा भ्रमण अवलोकन गराउने<br>८. सूचिकरण गरिएको सम्पदाहरुको महत्व सम्बन्धी जानकारी गराउने। | | लगाउने।<br>५. जैबिक विविधताको धारणा भन्न र लेख्न लगाउने। | |
| **संस्कार, संस्कृति, सामाजिक मुल्य र मान्यता** | १. आफ्नो समुदाय वा नगरपालिकामा रहेका विभिन्न जातजातिहरुको पहिचान गरि तिनीहरुको संस्कार र संस्कृतिको पहिचान गर्न सक्ने।<br>२. आफ्नो समुदायमा रहेका जातजातिहरुले मनाउने चाडपर्व रितिरिवाज महत्व बताउन सक्ने। | १. समुदायमा रहेका जातजाति विवरण र तिनीहरुको संस्कार संस्कृति<br>२. विभिन्न समुदाय वर्गहरुको चाडपर्व रितिरिवाज महत्व<br>३. समुदायका विभिन्न मठ मन्दिरहरु<br>४. विभिन्न समुदाय वर्गहरुको भेषभुषा | १. समुदायमा रहेका जातजाति विवरणहरु (ब्राहमण, क्षेत्री, नेवार, गुरुङ्ग, दलित आदि) विवरणहरु<br>२. आफनो समुदायका जातजातिका संस्कारहरु र संस्कृतिहरु मिलाई परिचय दिने।<br>३. समुदायमा रहेका जातजातिका | १. आफ्नो समुदाय वा नगरपालिका भित्र रहेका विभिन्न जातजातिको विवरण संकलन गर्ने जस्तै ब्राहमण, क्षेत्री, जनजातीका समुहहरु- जस्तै नेवार, गुरुङ्ग, तामाङ्ग, कुमाल आदि त्यस्तै दलित समुदाय- सार्की, दमै, कामी आदि संकलन गर्ने<br>२. आफ्नो समुदाय वा नगरपालिका भित्र रहेका जाताजातिका संस्कार संस्कृति पहिचान गराउने।<br>३. आफ्नो समुदाय वा नगरपालिका भित्र रहेका जातजातिका चाडपर्व, रितिरिवाजको पहिचान गराउने<br>४. आफ्नो समुदायका मठ मन्दिर को | १. पोष्टर, चित्र जातजाति विवरण तालिका विभिन्न भेषभुषाहरु<br>२. विभिन्न श्रब्यदृश्य सामाग्रीहरु | १. आफ्नो समुदायमा रहेका जातजाति विवरण भन्न लगाउने<br>२. जातजाति र तिनीहरुको चाडपर्व वा भेषभुषा पहिचान गर्न लगाउने।<br>३. विद्यार्थीका क्रियाकलाप आधारमा शिष्ट्राचार सम्बन्धी मूल्याङ्कन गर्ने। | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. आफ्नो समुदायमा रहेका विभिन्न मठ मन्दिरहरुको सूचिकरण र त्यसको महत्व बताउन।<br>४. आफ्नो समुदायका विभिन्न जातजातिका भेषभुषाहरुको पहिचान गर्ने<br>५. शिष्ट्राचार शब्दहरुको आफ्नो व्यवहार प्रयोग गर्न सक्ने। | ५. शिष्ट्राचार व्यवहारिक अभ्यास | भेषभुषाहरु पहिचान<br>४. समुदायमा रहेकाजातजातिका चाडपर्वहरुको महत्व<br>५. शिष्ट्राचार शब्दहरु | सूचिकरण गरि प्रस्तुत गर्ने, पोष्टर र चित्रबाट देखाउने।<br>५. विभिन्न जातजातिका भेषभुषाहरु प्रत्यक्ष अवलकोलन गरि देखाउने।<br>६. शिष्ट्राचारहरुको शब्द पहिचान गर्ने र त्यसलाई कक्षा कोठामा प्रत्यक्ष प्रयोगात्मक अभ्यास गराउने।<br>७. सकेसम्म मेला महोत्सवका चित्रहरु, भिडियोहरु देखाउने। | | | |
| **धार्मिक ऐतिहासिक र पर्यटकीय स्थल** | १. आफ्नो पालिकामा रहेका धार्मिक स्थलहरुको पहिचान गर्न सक्नेछन्।<br>२. आफ्नो पालिकामा रहेका ऐतिहासिक एवम पर्यटकीय क्षेत्रहरुको पहिचान गर्न सक्ने छन्।<br>३. आफ्नो पालिकामा रहेका धार्मिक ऐतिहासिक एवम | १. आफ्नो पालिकामा रहेका धार्मिक स्थल<br>२. आफ्नो पालिकामा रहेका ऐतिहासिक एवम पर्यटकीय स्थल<br>३. आफ्नो पालिकामा रहेका धार्मिक स्थल, ऐतिहासिक एवम पर्यटकीय | १. आफनो समुदाय र पालिकामा रहेका धार्मिक स्थलहरु मठ, मन्दिर, गुम्बा, लगायतका विभिन्न स्थलहरु<br>२. आफ्नो समुदाय र पालिकामा रहेका ऐतिहासिक स्थलहरु जस्तै राइनासकोट पर्यटकीय स्थल होमस्टे आदि | १. आफ्नो समुदाय र पालिका अन्तर्गत रहेका महत्वपूर्ण धार्मिक स्थलहरु पहिचान गर्ने र ति स्थलहरुलाई रङ्गीन चित्र वा फोटो देखाई विद्यार्थीहरुलाई परिचय गराउने र सम्भव भएमा आईसिटीको प्रयोग गरि श्रब्यदृश्य सामाग्रीबाट विद्यार्थीहरुलाई देखाउने।<br>२. आफनो समुदाय नजिकमा रहेका स्थलको विद्यार्थीहरुलाई भ्रमण गराउने।<br>३. त्यस्तै गरी ऐतिहासिक एवम पर्यटकीय स्थलको पनि माथीकै प्रक्रिया अपनाई शिक्षण क्रियाकलापहरु संचालन गर्ने।<br>४. त्यसैको आधारमा ति क्षेत्रको महत्व किन | १. धार्मिक स्थल / ऐतिहासिक स्थल तथा पर्यटकीय स्थलको फोटो चित्र र श्रब्यदृश्य सामाग्रीहरु | १. आफ्नो समुदाय वा पालिकाको धार्मिक स्थलको पहिचान गर्न लगाउने।<br>२. आफ्नो समुदाय र पालिकाको ऐतिहासिक स्थलको पहिचान गर्न लगाउने।<br>३. आफ्नो समुदाय र पालिकाको पर्यटकीय स्थलको पहिचान गर्न लगाउने।<br>४. आफ्नो समुदाय / पालिकाको क्षेत्रहरुमा रहेका धार्मिक स्थल, ऐतिहासिक | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटकीय क्षेत्रहरुको महत्व बताउन सक्ने छन्। | स्थलहरुको महत्व | ३. आफ्नो समुदाय र पालिकामा रहेकाऐतिहासिक स्थलहरुको महत्व | छ। छलफल गराउने र शिक्षकले सहजिकरण गरि महत्वको जानकारी गराउने। | | पर्यटकीय स्थलको महत्व बताउन लगाउने। | |
| **पराम्परागत पेशा, उद्यमशिलता र प्रविधि** | १. आफ्नो नगरपालिकामा रहेका पेशाको महत्व र फाइदा बताउन सक्ने।<br>२. आफ्नो नगरपालिकामा रहेका उद्यमशिलताको महत्व र फाइदा बताउन सक्ने।<br>३. आफ्नो नगरपालिकामा रहेका प्रविधिहरुको महत्व र फाइदा बताउन। | १. पेशाको अवधारण महत्व र फाइदा<br>२. उद्यमशिलताको अवधारणा महत्व र फाइदा<br>३. प्रविधिहरुको अवधारण महत्व र फाइदा | १. पेशाको अवधारण, अर्थ महत्व र फाइदाहरु<br>२. उद्यमशिलताको अवधारण अर्थ महत्व र फाइदाहरु<br>३. प्रविधिहरुको अवधारण महत्व र फाइदाहरु | १. पेशाको अवधारणहरु उदाहरण सहित प्रस्तुत गर्ने। जस्तै पेशा भन्नाले कुनै मानिसको काम जस्ले आफ्नो समयको सदुपयोग गर्छ। (जस्तै टेलर, आरान, राडीपाखी बुन्ने, जुत्ता सिलाउने, उन बुन्ने)<br>२. पेशाहरुको महत्व तथा फाइदाहरुलाई विद्यार्थीहरुको समूह बनाई छलफल गराउने। पेशा अपनाउने मानिसहरुसँग प्रत्यक्ष भेट गरि उनीहरुको भनाई बुझने।<br>३. उद्यमशिलताको अवधारणहरु उदाहरण सहित प्रस्तुत गर्ने जस्तै डोको, नाम्लो बुन्ने, झोला बनाउने, माटाका भाडा बनाउने, चर्खा आदि ढिकी जातो, स्याखु, छत्री गुन्द्री बुन्ने, परालको ठेउका, दुनाटपरी आदि।<br>४. उद्यमशिलताको महत्व फाइदाहरुको पनि माथी कै प्रक्रिया अनुसार छलफल गर्ने।<br>५. प्रविधिको अवधारण उदाहरण सहित प्रस्तुत गर्ने।<br>६. फर्निचर उद्योग, ग्रिल उद्योग, राडीपाखी बुन्ने, तान , नेपाली कागज निर्माण, मुर्ति निर्माणको सम्बन्धमा छलफल गर्ने त्यसको महत्व र फाइदाहरु बुदागत लेख्ने। | १. चार्टहरु, नक्शा विभिन्न उद्यमशिलता सामग्रीहरु स्थानीय परम्परागत उत्पादित सामग्रीहरु (डोको, नाम्लो, गुन्द्री, चकटी, ढकिया, भकारी आदि)<br>२. श्रब्यदृश्य सामग्रीहरु सम्भव भए सम्म | १. पेशा व्यवसायको परम्परागत अर्थ भन्न लगाउने।<br>२. उद्यमशिलता र प्रविधिको अर्थ भन्न लगाउने।<br>३. पेशा, उद्यमशिलता र प्रविधिको उदाहरणहरु भन्न लगाउने।<br>४. पेशा, उद्यमशिलता र प्रविधिको महत्व भन्न लगाउने। | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **पोषण स्वस्थय जीवनशैली, सरसफाइ र स्थानीय खेलकुद** | १. शरीरलाई फाइदा हुने र वेफाइदा हुने खानाहरु छुट्याउन।<br>२. स्वस्थ्य र अस्वस्थ्य भोजनका फाइदा र वेफाइदाहरु वताउन।<br>३. स्वास्थ्य भोजनको प्रयोग गर्न ।<br>४. सही किसिमबाट हातमुख धुने, सरसफाइ हुन सक्ने।<br>५. आफ्नो कोठाको सरसफाइ गर्न सक्ने।<br>६. विभिन्न स्थानीय खेलहरु जस्तै खुट्टी खेल्ने, दौड खेल्ने, समान्य बल खेल्ने आदि<br>७. सामान्य योगको परिचय दिन र अभ्यास गर्न सक्नेछन्। | १. स्वस्थ्य खाना र अस्वस्थ्य जङ्गफसड खाना<br>२. यसका फाइदा र वेफाइदाहरु<br>३. स्वस्थ्य भोजन र खानाका प्रकार<br>४. सरसफाइको अवधारण र यसका क्षेत्रहरु व्यक्तिगत र पारिवारिक<br>५. विभिन्न खेलहरु स्थानीय चलनचल्तीका<br>६. योगको अवधारण र सरल योगहरु | १. स्वस्थ्य खाना र अस्वस्थ्य खाना सम्बन्धी धारणका प्रकार<br>२. यसका फाइदा र वेफाइदाहरु<br>३. स्वस्थ्य भोजन र खानाका प्रकारहरु साहकारी र मंसाहरी<br>४. सरसफाइको अवधारणहरु यसका क्षेत्रहरु व्यक्तिगत सरसफाई पारिवारिक सरसफाइ टोल, कक्षाकोठा सरसफाइ<br>५. विभिन्न खेलहरुको परिचय स्थानीय चलनमा भएका खेलहरु<br>६. योगको अवधारण र सरल योग अभ्यास | १. शिक्षकले सुरुमा विद्यार्थी वा बालबालिकालाई आफुले खाने कुराहरुको टिपोट गर्ने।<br>२. खाने कुराहरु घरमा बन्ने र बजारबाट किनेको छुटाउन लगाउने।<br>३. स्वस्थ्य खाना र अस्वस्थ्य खानाको बारेमा जानकारी गराउने<br>४. यसका फाइदा बेफाइदाहरु भन्न लगाउने।<br>५. पुन समूह विभाजन गरी सन्तुलित खानाको सम्बन्धमा छलफल गराउने।<br>६. पुन समूह बनाई उनीहरुलाई व्यक्तिगत सरसफाइ आफुले आफैलाई र त्यस पछि अरु साथीलाई सफाई गर्न लगाई व्यक्तिगत सरसफाइ धारणा दिने। त्यसै गरी पारिवारिक सरसफाइ अवधारण टोल र आफ्नो कक्षाको सरसफाईमा छलफल गराउने।<br>७. विभिन्न खेलहरु जानकारी दिई खेलहरु प्रयोगात्मक रुपमा खेलाउने।<br>८. योग अभ्यासको जानकारीमा छलफल गर्ने र केही अभ्यास गराउन त्यसका विभिन्न चित्र र आईसिटी युटुवबाट देखाउने। | १.खानेकुराहरुको चार्ट खाने सामाग्रीहरु सरसफाई युक्त नभएको मानिसको पोष्टर, खेल सामाग्रीहरु आदि | १. स्वस्थ्यकर खाना र जङ्कफुड छुट्याउन लगाउने।<br>२. जङ्कफुडका वेफाइदाहरु भन्न लगाउने।<br>३. व्यक्तिगत सरसफाइ भनेको के हो भन्न लगाउने।<br>४. घरपरिवार र कक्षाकोठा सरसफाईको बारेमा भन्न लगाउने<br>५. विभिन्न खेलहरु खेल्न लगाउने<br>६. सामान्य योग अभ्यास गर्न लगाउने। | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रकोप व्यवस्थापन, वातावरण संरक्षण र बाताबरणमैत्री विद्यालय** | १. प्राकृतिक प्रकोपको उदाहरण बताउन।<br>२. मानवनिर्मित प्रकोपको उदाहरण बताउन।<br>३. प्राकृतिक प्रकोप मानवनिर्मितको नकारात्मक असरहरु<br>४. बातावरणको धारणा भन्न र संरक्षण गर्ने तरिका भन्न<br>५. बातावरणमैत्री विद्यालयको धारणा बताउन | १. प्राकृतिक प्रकोप<br>२. मानवनिर्मित प्रकोप<br>३. यसको असर र संरक्षण<br>४. वातावरण अवधारणा र संरक्षण<br>५. वातावरणमैत्री विद्यालय | १. प्राकृतिक प्रकोपहरु- हावाहुरी, भारी बर्षा, बाढी पहिरो, चटयाङ्ग आदि<br>२. मानवनिर्मित प्रकोप- करेन्ट लाग्नु, कोलाहल, प्रदुषण आदि<br>३. यसको असर र संरक्षणका उपायहरु<br>४. वातावरण अवधारणासंरक्षण<br>५. बातावरण मैत्री विद्यालय- उपयुक्त बस्ने ठाउँ, शौचालय खेलमैदान आदि | १. प्राकृतिक प्रकोप सम्बन्धी घटनाहरु भएको ठाउँमा भ्रमण गराउने त्यहा बालबालिका लाई अवलोकन गर्न लगाउने त्यहीबाट परिचय गराउने।<br>२. मानवनिर्मित प्रकोप सम्बन्धी घटनाहरु अवलोकन गराई त्यहीबाट यसको परिचय गराउने<br>३. तिनै घटनामा सम्बन्धीत अभिभावकहरु सँग छलफल गराई त्यसबाट पर्ने असरलाई टिपोट गर्ने त्यसबाट वच्न सक्ने वा संरक्षणका उपायहरुमा छलफल गराउने।<br>४. वातावरण भनेको के हो त्यसको बारेमा सबै बालबालिकामा छलफल गराउने र शिक्षकले सहजीकरण गर्ने।<br>५. विद्यालय र वातावरणको बारेमा बालबालिकाहरुमा छलफल गराउने र बालबालिकाहरुलाई सजिलो हुने विद्यालयहरु कस्ता हुन्छन् भनेर छलफल गर्ने, जस्तै बेन्च , टेबुल , शौचालय, खेलमैदान आदि | १. प्राकृतिक प्रकोप/ मानवनिर्मित प्रकोपका चित्र पोष्टर / विद्यालय नक्शा<br>२. श्रव्यदृश्य समाग्रीहरु | १. प्राकृतिक प्रकोप र मानव निर्मित घटनाहरुको चित्रहरु देखाई प्रकार छुटयाउन लगाउने।<br>२. प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोपको परिचय भन्न लगाउने।<br>३. वातावरणका तत्वहरु लेख्न लगाउने।<br>४. वातावरणमैत्री विद्यालय सूचकहरु भन्न लगाउने। | १२ |

कक्षा-५

| क्षेत्र | सिकाइ उपलब्धी | बिषषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|
| **हाम्रो राइनास नगरपालिका** | १. आफ्नो नगरपालिकाको नाम सबै वडाहरुको सिमाना बताउन।<br>२. आफ्नो नगरपालिकामा बसोबास गर्ने जनसंख्या र जाताजातिको विवरण।<br>३. आफ्नो पालिकामा रहेका विद्यालयहरुको तहगत संख्या बताउन।<br>४. आफ्नो वडामा रहेका सामाजिक संघ संस्थाहरुको विवरण सहित परिचय दिन।<br>५. नगरपालिकाको क्षेत्रफल र जम्मा जनसंख्या बताउन।<br>६. नगरपालिकाको सिमना बताउन। | १. राइनास नगरपालिकाको परिचय, वडागत भौगोलिक विवरण<br>२. आफ्नो पालिकामा बसोबास गर्ने जनसंख्याको बनोटको विवरण<br>३. आफ्नो पालिकामा रहेका विद्यालयहरुको विवरण<br>४. आफ्नो वडामा रहेका सामाजिक संघ संस्थाहरुको विवरण | १. राइनास नगरपालिकाको परिचय, वडागता भौगोलिक विवरण<br>२. राइनास नगरपालिकामा बसोबसा गर्ने जनसंख्याको बनोटको विवरण<br>३. आफ्नो नगरपालिका भित्रका तहगत विद्यालय विवरण आधारभूत र माध्यमिक सहित।<br>४. आफू बसोबास गरेको वडामा रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको विवरण | १. राइनास नगरपालिकाको नक्शा, चित्र प्रदर्शन गरी त्यसका आधारमा नगरपालिका भित्रका सम्पूर्ण वडाहरुको सिमना छुट्याउने। जिल्लाको नक्साको आधारमा नगरपालिकाको सिमना समेत छुट्याउने।<br>२. पोष्टर, चार्टपेपर जस्ता सामाग्रीको प्रयोग गरि आफ्नो नगरपालिकाको महिला, पुरुष, दलित, जनजाति लगाएका संख्या याकिन गर्न लगाई जम्मा जनसंख्या पहिचान गर्न लगाउने।<br>३. प्र.अ तथा शिक्षा युवा तथा खेलकुद शाखा संग समन्वय गरि पालिका भित्रका आधारभूत एवं माध्यमिक विद्यालयको विवरण पहिचान गर्न लगाउने।<br>४. राइनास नगरपालिका सँग समन्वय गरी आफ्नो वडामा रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको पहिचान गर्न लगाउने। | १. राइनास नगरपालिकाको नक्सा<br>२. सान्दर्भिक चित्र, पोष्टर, चार्ट, भिडियो, श्रश्यदृश्य सामग्री आदि। | १. आफू बसोबास गरेको नगरपालिकाको वडाहरुको सिमाना पत्ता लगाउने।<br>२. आफ्नो नगरपालिकामा रहेका जम्मा जनसंख्या बताउने।<br>३. आफ्नो नगरपालिकामा रहेका तहगत विद्यालय संख्या बताउने।<br>४. कक्षा क्रियाकलापको निरीक्षण गरेर।<br>५. आफ्नो वडामा रहेका सामाजिक संघ संस्थाहरुको नाम र काम छोटकरीमा बताउने। | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्राकृतिक स्रोत सम्पदा र जैबिक विविधता** | १. राइनास नगरपालिका भित्रका प्राकृतिक स्रोतहरुको फाइदाहरु बताउन।<br>२. राइनास नगरपालिका भित्र रहेका विभिन्न प्राकृतिक स्रोतहरुको संरक्षण गर्ने तरिकाहरु बताउन।<br>३. आफ्नो नगरपालिका भित्रका विभिन्न जङ्गली जनावारको बारेमा जानकारी दिन।<br>४. जैबिक विविधताको महत्व बताउन। | १. राइनास नगरपालिकामा रहेका प्राकृतिक स्रोतको पहिचान , फाइदा र संरक्षण<br>२. राइनास नगरपालिका भित्र रहेका जंगली जनावारहरु<br>३. जैबिक विविधताको महत्व | १. राइनास नगरपालिका भित्रका बनजंगल, नदी खोला , ताल पोखरी कुवा , झरना ढुङ्गेधारा रहेको मूलको पहिचान र फाइदा<br>२. प्राकृतिक स्रोतहरुको संरक्षण<br>३. राइनास नगरपालिका भित्रका जन्तु जनावार, किरा चराचुरुङ्गी, बनजंगल आदिको संरक्षण। | १. प्राकृतिक स्रोतहरु र जन्तु जनावरहरुको वारेमा छलफल गरि तिनको महत्व बताउन लगाउने।<br>२. नजिकैको बनजङ्गल ताल, कुवा, नदीको अवलोकन भ्रमण गराइ तिनीहरुबाट के कस्ता फाइदा प्राप्त हुन सक्छन् छलफल गरि टिपोट गर्न लगाउने।<br>३. अग्रज बुढापाका सँग अन्तरक्रियामा गराइ जंगली जनावारको विगत र हालको उपस्थितिको बारेमा छलफल गराउने।<br>४. जैविक विविधता सम्बन्धी डकुमेन्टरी गुगलबाट विद्यार्थीलाई देखाइ छलफल गराउने। | १. प्राकृतिक सम्पदाको रङ्गीन चित्रहरु, जङ्गली जनावारहरुको चित्र र भिडियो<br>२. जैविक विविधता सम्बन्धी डकुमेन्टरी | १. बनजङ्गलबाट प्राप्त गर्न सकिने फाइदाहरुको सूची बनाउन लगाउने।<br>२. नदी, खोला , ताल कुवाको महत्व बताउन लगाउने।<br>३. वनजङ्गल तथा नदीनाला, कुवाको ढुङ्गेधाराको संरक्षण किन गर्नु पर्दछ भनि मूल्याङ्कन गर्न लगाउने।<br>४. जङ्गली जनावर तथा प्राकृतिक स्रोतहरुको पहिचान गरी तिनीहरुको संरक्षण तथा महत्व उल्लेख गर्न लगाउने। | १६ |
| **संस्कार, संस्कृति, सामाजिक मुल्य र मान्यता** | १. आफ्नो नगरपालिकामा रहेका विभिन्त जातजातीहरुको संस्कार र संस्कृतिको पहिचान गरि महत्व बताउन।<br>२. आफ्नो | १. आफ्नो नगरपालिका भित्रका विभिन्न जातजाति विवरण र तिनीहरुले मनाउने संस्कार ।<br>२. पालिका भित्रका | १. राइनास नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिहरुको संस्कार र संस्कृतिको महत्वको बारेमा बताउने।<br>२. राइनास | १. आफ्नो पालिकाभित्र रहेका विभिन्न मानिसहरुको विवरण संकलन गरि तिनीहरुको संस्कार र संस्कृतिको बारेमा छलफल गराई कुन जातिका कुन संस्कार संस्कृति हुन छलफल गराउने।<br>२. राइनास नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिहरुको मनाउने चाडपर्वको बारेमा छलफल गराई तिनीहरुको महत्व समेत | १. चाडपर्व चित्रहरु, अडियो भिडियो सामाग्री, विभिन्न जातजातिका भेषभुषा लगाएतका पोष्टर आदी। | १. आफ्नो नगरपालिका भित्रका विभिन्न जातजातिहरुको संस्कार संस्कृतिहरुको सूची बनाउने।<br>२. विभिन्न जातजातिहरुले मनाउने चाडपर्व र तीनको महत्वको सूची बनाउन लगाउने।<br>३. आफ्नो नगरक्षेत्रका मठ | ३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिहरुले मनाउने चाडपर्व र रितिरिवाजलाई संरक्षण र जगेर्ना गर्न सक्ने।<br>३. आफ्नो पालिका भित्रका विभिन्न मठ मन्दिरहरुको संरक्षण गर्ने तरिका बताउन सक्छन्।<br>४. आफ्नो पालिका भित्रका मानिसहरुको भेषभुषाको पहिचान गरि महत्व बताउन सक्ने।<br>५. सामान्य शिष्टाचारलाई व्यवहारिक रुपमा प्रयोग गरि तिनको महत्व उल्लेख गर्न सक्ने। | मानिसहरुले मनाउने चाडपर्व र रितिरिवाजको विवरण।<br>३. आफ्नो पालिका भित्रका विभिन्न मठ मन्दिरहरुको विवरण<br>४. आफ्नो पालिका भित्रका मानिसहरुको भेषभुषा सम्बन्धित विवरण<br>५. शिष्टाचारका व्यवहारिक अभ्यास | नगरपालिका भित्रका विभिन्न जातजातिका मानिसहरुले बनाउने चाडपर्व र रितिरिवाजको संरक्षण र जगेर्ना गर्ने।<br>३. राइनास नगरपालिका भित्रका विभिन्न मठ मन्दिर एवं अन्य पाटी पौवाको संरक्षण गर्ने तरिका<br>४. आफ्नो पालिका भित्रका जनजातिहरुले लगाउने विभिन्न भेषभुषाको महत्व बताउन।<br>५. घर तथा अन्य क्षेत्रमा प्रयोग हुने सामान्य शिष्टाचारको शब्दहरु व्यवहारिक रुपमा प्रयोग गर्ने। | बताउन लगाउने।<br>३. आफनो नगरपालिका भित्रका विभिन्न मठ मन्दिरहरुको अवलोकन भ्रमण गराई तिनको संरक्षण र महत्व बताउन लगाउने।<br>४. भेषभुषा जातीगत रुपमा अवलोकन वा डकुमेन्ट्री मार्फत हेर्न लगाइ जातजातिका भेषभुषा पहिचान र तीनको महत्व बताउने।<br>५. सामान्य शिष्टाचारलाई व्यवहारिक रुपमा घर वा विद्यालयमा प्रयोग गर्न लगाई अन्य क्षेत्रमा पनि लागु गराउन लगाउने। | | मन्दिरहरुको संरक्षण गर्ने तरिका उल्लेख गर्न लगाउने।<br>४. नगरपालिका भित्रका जातजातीले लगाउने भेषभुषा र तीनको महत्व उल्लेख गर्ने।<br>५. व्यवहारिक रुपमा सामान्य शिष्टाचारको प्रयोग कक्षा क्रियाकलापको आधारमा गर्ने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **धार्मिक ऐतिहासिक र पर्यटकीय स्थल** | १. आफ्नो पालिकामा रहेका धार्मिक स्थलहरुको पहिचान गरि तिनको महत्व बताउन।<br>२. आफ्नो पालिकामा रहेका ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको पहिचान गरि तिनको महत्व उल्लेख गर्न सक्नेछन् ।<br>३. आफ्नो पालिका भित्रका धार्मिक ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको संरक्षण गर्ने तरिकाहरु बताउन। | १. राइनास नगरपालिकाका ऐतिहासिक स्थल, पर्यटकीय स्थलहरु र धार्मिक स्थलहरु<br>२. धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको संरक्षण गर्ने तरिका। | १. राइनास नगरपालिका भित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको परिचय<br>२. राइनास नगरपालिका भित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको महत्व<br>३. राइनास नगरपालिका भित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरुको संरक्षण | १. आफ्नो पालिका भित्रका धार्मिक स्थलहरुको स्थलगत अवलोकन भ्रमण गराइ तीनको परिचय महत्व र संरक्षण गर्ने तरिकाको बारेमा छलफल गरि निष्कर्ष निकाल्ने।<br>२. आफ्नो पालिका भित्र रहेका ऐतिहासिक एवं पर्यटकीय स्थलहरु राइनासकोट, जोगी गुफा, शिव ढुन्डुर गुफा, चक्रतीर्थ धाम, सर्वोदय सेवा आश्रम, कालिका मन्दिर, पन्थेडाडाँ, धमिलीकुवा, भक्तिपार्क, राम्चे गुफा, सिद्धमाई थान जस्ता स्थानहरुको स्थलगत अवलोकन भम्रण गराई छलफल एवै अन्तरक्रिया मार्फत ती स्थानहरुको परिचय महत्व र संरक्षण गर्ने तरिकाहरुको बताइदिने र छलफल एवं प्रश्नोतर गरी निष्कर्ष निकाल्ने। | १. ऐतिहासिक स्थलका फोटोहरु, पम्प्लेट, ऐतिहासिक लेख, डकुमेन्ट्री र भिडियो | १. आफ्नो पालिका भित्रका धार्मिक स्थलहरुको संरक्षण गर्ने तरिका बताउन लगाउने।<br>२. आफ्नो पालिका भित्रका ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको सूची बनाइ तिनको महत्व र संरक्षण गर्ने तरिका बताउन लगाउने।<br>३. आफ्नो पालिका भित्रका धार्मिक स्थलहरुको पहिचान गर्न लगाउने। | १६ |
| **पराम्परागत पेशा, उद्यमशिलता र प्रविधि** | १. आफ्नो नगरपालिकामा रहेका पराम्परागत उद्यमशिला र प्रविधिको अन्तर सम्बन्ध बताउन।<br>२. आफ्नो नगरपालिकामा रहेका पराम्परागत पेशा | १. नगरपालिका भित्रका परम्परागत पेशा, उद्यमशिलता र प्रविधिको अन्तरसम्बन्ध<br>२. पेशा, उद्यमशिलता र प्रविधिको जीविकोपार्जनमा | १. राइनास नगरपालिका भित्रका परम्परागत पेशा उद्यमशिलता र प्रविधिको अन्तरसम्बन्ध बताउन।<br>२. स्थानीय स्तरका परम्परागत पेशा, | १. राइनास नगरपालिका भित्रका पराम्परागत पेशा सिलाइ बुनाई माटोको काम, आरानको काम ढिकी जातो, कोल, उन बुनाई, निगालो तथा बासको कामको बारेमा छलफल गराई तिनीहरुको उपयोगिता, महत्व र जीविको पार्जनमा पार्ने प्रभावको बारेमा निचोड निकाल्ने।<br>२. परम्परागत पेशा अपनाएका मानिसहरु सँग प्रत्यक्ष अवलोकन अन्तरक्रिया गरि तिनको | १. स्थानीय स्तरमा प्रचलित परम्परागत सामाग्रीहरु, आरान, कल, चर्खा, डोको थुम्सेका चित्रहरु, पोष्टर, परम्परागत सामाग्री भिडियो अडियो सामाग्री | १. परम्परागत पेशा, उद्यमशिलता र प्रविधिको अन्तर सम्बन्ध बताउन लगाउने।<br>२. परम्परागत पेशा, उद्यमशिलता र प्रविधिको प्रयोगले मानिसको जिवीकोपार्जनमा पारेको सकारात्मक प्रभावको बारेमा बताउन लगाउने।<br>३. परम्परागत प्रविधिले | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उद्यमशिलता र प्रविधिले जीविको पार्जनमा पार्ने सकारात्मक प्रभावको बारेमा बताउन। | पार्ने प्रभाव | उद्यमशिलता र प्रविधिको जीविकोपार्जनमा पार्ने सकरात्मक प्रभावको बारेमा बताउन। | जीविकोपार्जनमा पार्ने प्रभावको बारेमा छलफल गराइ टिपोट गर्न लगाउने।<br>३. पेशा, उद्यमशिलता र प्रविधिहरुको बारेमा छलफल सहित तुलनात्मक अध्ययनको लागि समुहगत छलफल गराइ टिपोट गर्न लगाउने। | | मानिसलाई पार्ने सकरात्मक प्रभाव र प्रविधिको प्रयोगको वर्तमान अवस्थाको तुलना गर्न लगाउने।<br>४. स्थानीय प्रविधिमा आधारित सामाग्रीहरुको आर्थिक प्रभावको वारेमा बताउन लगाउने। | |
| **पोषण , स्वस्थ्य जीवनशैली, सरसफाइ र स्थानीय खेलकुद** | १. सन्तुलित भोजनको परिचय र महत्व बताउन।<br>२. आफ्नो घर विद्यालय र टोलको सरसफाइ गर्न र तिनको महत्व बताउन।<br>३. स्थानीय स्तरमा खेलिने खेलहरु जस्तैः भालेजुधाई, कवडी आदि खेलहरु खेल्न।<br>४. सामान्य योगसनका आसनहरु र श्वासप्रश्वासका विधिहरु गर्न सक्नेछन्।<br>५. योग र व्यायमको अवधारण र महत्व | १. सन्तुलित खानाको परिचय, सन्तुलित खानाको महत्व<br>२. सामुदायिक सरसफाइ र तीनको महत्व<br>३. स्थानीय स्तरमा खेलिने खेलहरु<br>४. योग तथा व्यायमको अवधारण र महत्व | १. सन्तुलित भोजनको महत्व<br>२. आफ्नो घर विद्यालय र टोलको सरसफाइ तथा तिनीहरुको महत्वको जानकारी<br>३. स्थानीय स्तरमा खेलिने खेलहरु सिप र तरिका<br>४. सामान्य योग तथा व्ययमको अवधारण र महत्व | १. सन्तुलित भोजन सम्मिलित पोष्टर, चित्र भिडियो प्रस्तुत गर्दै सन्तुलित भोजनको परिचय र महत्वको बारेमा छलफल गराउने तथा तिनीहरुको सूची तयार गर्न लगाउने र महत्व बताउन लगाउने।<br>२. आफ्नो घर विद्यालय तथा साप्ताहिक रुपमा टोलको समेत सरसफाइमा विद्यार्थीहरुलाई प्रत्यक्ष संलग्न गराइ सरसफाइको आवश्यकता र महत्व टिपोट गरी अन्तक्रिया गराउने।<br>३. स्थानीय तथा आफ्नो परिबेश अनुसार खेलिने खेलहरु जस्तै भालेजुधाइ, कवाडी आदि जस्ता खेलहरु आपसमा विद्यार्थीहरुबीच खेल्न लगाइ तिनको खेल्ने तरिका र उपयोगिताको बारेमा टिपोट गरी छलफल गराउने।<br>४. भिडियो मार्फत सामान्य योग आशन तथा स्वाश्स प्रश्वास सम्बन्धी क्रियाहरु गराउने र तीनको महत्व टिपोट गरी छलफल गराउने। | १. सन्तुलित भोजन सम्बन्धी पोष्टर, चित्रहरु र भिडियोहरु<br>२. योग तथा व्यायमको पोष्टरहरु | १. सन्तुलित भोजनको परिचय दिन लगाउने।<br>२. सन्तुलित भोजनको महत्व बताउन लगाउने र घर विद्यालयमा सन्तुलित भोजन प्रयोग गर्ने लगाउने।<br>३. घर विद्यालय र टोलको सफाइको महत्व उल्लेख गर्न लगाउने।<br>४. स्थानीय तथा आफनो परिवेश अनुसार खेलिने खेलहरु प्रत्यक्ष खेली मूल्याङ्कन गर्ने।<br>५. सामान्य योग आशन तथा व्यायमहरु गर्न लगाई प्रत्यक्ष मूल्याङ्कन गर्ने।<br>६. योग तथा व्यायमको महत्व उल्लेख गर्न लगाउने। | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बताउन सक्नेछन्। | | | | | | |
| **प्रकोप व्यवस्थापन, वातावरण संरक्षण र बातावरणमैत्री विद्यालय** | १. प्राकृतिक र मानव जन्य प्रकोप / विपदका बारेमा बताउन<br>२. स्थानीय वातावरणका संरक्षणका उपायहरु बताउन।<br>३. वातावरण मैत्री विद्यालयको महत्व बताउन। | १. मानव निर्मित प्रकोप र प्राकृतिक प्रकोप विपदका तुलना<br>२. वातावरण संरक्षणका तरिकाहरु<br>३. वातावरण मैत्री विद्यालय | १. प्राकृतिक प्रकोप विपदका बारेमा बताउन।<br>२. मानवनिर्मित प्रकोपको बारेमा बताउन।<br>३. प्राकृतिक प्रकोप विपद अन्तर्गत बाढी, हुरीबतास, चट्याङ, असिना, भुकम्प<br>४. मानवनिर्मित प्रकोप/ विपद जस्तै आगलागि, महामारी, बमवारी, सडक तथा अन्य दुर्घटना जनावारको टोकाइ<br>५. स्थानीय वातावरण संरक्षणका उपायहरु<br>६. वातावरणमैत्री विद्यालय र यसको महत्व। | १. आफ्नो वरिपरिको नजिकैको बगैचा, बन नर्सरी सिमसार क्षेत्र, संस्कृति क्षेत्रको अवलोकन भ्रमण गराइ तिनीहरुको महत्व र संरक्षण गर्ने तरिकाको बारेमा छलफल गराइ महत्व तथा संरक्षणका उपायहरु टिपोट गर्न लगाउने।<br>२. बाढी, पहिरो, चट्याङ्ग भुकम्पले पार्ने असरहरुको बारेमा कक्षा कोठामा शैक्षिक सामाग्री सहित छलफल गराइ तिनका असरहरुको बारेमा टिपोट गर्न लगाउने।<br>३. मानवनिर्मित प्रकोप विपदको बारेमा श्रब्यदृश्य सामाग्री मार्फत छलफल गराइ प्रकोप विपदबाट बच्ने तरिका समेत टिपोट गर्न लगाउने।<br>४. विद्यालयको वरिपरिको अवस्था वातावरण अनुकूल भए नभएको विषयमा छलफल गराइ वातावरण मैत्री विद्यालयको भिडियो समेत देखाएर वातावरण मैत्री विद्यालयको महत्व टिपोट गरि छलफल गर्न लगाउने। | १. विभिन्न प्रकोपका अडियो, भिडियो सामाग्री चित्र पोष्टर आदि। | १. आफ्नो वरिपरि घटेका प्राकृतिक प्रकोपहरुको सूची बनाउन लगाउने।<br>२. प्राकृतिक प्रकोपहरुको असरको बारेमा बताउन लगाउने।<br>३. मानवनिर्मित प्रकोपको असरको बारेमा सूची बनाउन लगाउने।<br>४. वातावरणमैत्री विद्यालयको अवधारण र महत्व उल्लेख गर्न लगाउने।<br>५. घरायसी औजार चलाउदा हुने दुर्घटनाको सूची बनाउन लगाउने।<br>६. वातावरण संरक्षण गर्ने तरिकाहरु टिपोट गर्न लगाउने। | १२ |